# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जामुनवारी झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्या -२०८१।०८२
चलानी नं. ९८५० मिति २०८२।०३।०४

श्री वडा कार्यालय सबै,
श्री विषयगत शाखा सबै,
श्री सरोकारवाला सबै

विषय : चालु आ.व. २०८१/०८२ को अन्तिम भुक्तानी एवं खाता बन्द हुने सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष सम्पन्न हुनु भन्दा कम्तिमा ७ (सात) अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधान रहेको र सशर्त,समपुरक र विशेष अनुदानको खर्च नभइ बाँकी रहेको रकम चालु आर्थिक वर्ष भित्र नै संघ तथा प्रदेश सरकारमा फिर्ता, कर दाखिला तथा वित्तिय प्रतिवेदन तयार गर्नुपर्ने भएकोले यस नगरपालिकाबाट संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरु मिति २०८२/०३/१५ गते भित्र अन्तिम भुक्तानीका लागि सम्पूर्ण प्रकृया पुरा गरी यस कार्यालयको आर्थिक प्रशासन शाखामा पेश गर्नुहुन अनुरोध छ । सो अवधिमा आवश्यक प्रकृया पुरा गरी भुक्तानीका लागि पेश नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जनाकारीका लागि अनुरोध छ ।

<u>अवगतार्थ</u>

श्री नगर प्रमुख ज्यू

श्री उप-प्रमुख ज्यू

श्री वडाध्यक्ष ज्यू (सबै) : आफ्नो वडा भित्र संचालमा रहेका योजना तथा कार्यक्रमहरुको तोकिएको मिति भित्रमा भुक्तानीका लागी आवश्यक समन्वय गर्नुहुन ।

**श्री सूचना प्रविधि शाखा :** सम्बन्धित सबैको जानकारीका लागि वेवसाइटमा अपलोड गर्नुहुन ।

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०२३-४०११५५
०२३-४०११४४

Email- kanakai.mun@gmail.com
ito.kanakaimun@gmail.com
info@kanakaimun.gov.np